अनुसूची-२

(दफा ४ तथा अनुसूची -१ को भाग-२ सँग सम्बन्धित)


**मोदी गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड-४, संख्या-६, मिति - २०७७/०६/०३**


**भाग-२**

नेपालको संविधान बमोजिम मोदी गाउँसभाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

मोदी गाउँपालिका

## योजना अनुगमन कार्यविधि, २०७७

**प्रस्तावना**

मोदी गाउँपालिकाद्धारा संचालित योजना, आयोजना तथा कार्यक्रमहरुलाई अनुगमनको माध्यमबाट पारदर्शी, दीगो र जनसहभागितामूलक बनाई सुशासन प्रवर्द्धन गर्दै नतिजामुखी बनाउन वान्छनीय भएकोल मोदी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी मोदी गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद– १
### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम“ मोदी गाउँपालिका योजना अनुगमन अनुगमन कार्यविधि २०७७” रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “कायविधि”भन्नाले मोदी गाउँपालिकाको योजना अनुगमन कार्यविधि, २०७७ लाई सम्भ्रनु पर्छ ।

(ख)“गाउँपालिका”भन्नाले मोदी गाउँपालिका सम्झनुपर्छ ।
(ग)“अनुगमन” भन्नाले योजना, आयोजना तथा कार्यक्रमहरुमा लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भएको छ / छैन र कार्यतालिका अनुसार क्रियाकलापहरु कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल भएको छ /छैन भनी गाउँकार्यपालिकाद्धारा तोकिएका पदाधिकारी तथा कर्मचारीहरु द्धारा निरन्तर र आवधिक रुपमा निगरानी राख्ने कार्यलाई सम्झनु पर्छ ।
(घ) “अनुगमन समिति”भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित गाउँपालिकास्तरको अनुगमन समिति सम्झनु पर्दछ ।

## परिच्छेद – २
## अनुगमन समिति

**३. अनुगमन समिति :** (१) गाउँपालिकामा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमहरुलाई नतिजामुखी बनाउन देहायका सदस्यहरु रहेको एक अनुगमन समिति रहनेछ :
(क) गाउँपालिकाको उपाध्यक्ष - संयोजक
(ख) प्रमुख प्रशाकीय अधिकृत - सदस्य
(ग) गाउँ कार्यपालिकाले तोकेको दुईजना सदस्य - सदस्य
(घ) योजना तथा अनुगमन शाखा/उपशाखा प्रमुख - सदस्य सचिव

तर, उक्त समितिका सदस्यका अतिरिक्त योजनाहरुको गुणस्तरियता कायम गर्नका लागि स्वयंम वा प्रतिनिधि खटाई योजनाहरुको विशेष अनुगमन गर्न वाधा पुगेको मानिने छैन । साथै आवश्यकता अनुगमन समितिले जिल्ला समन्वय समितिका पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(२) गाउँपालिका वा वडा स्तरबाट संचालित रु. ५ लाख भन्दा बढिका योजनाहरुको हकमा अनुगमन समितिले अनिवार्य अनुगमन गरि अनुसूची १ बमोजिमको प्रतिवेदन दिनुपर्ने छ भने ५ लाख भन्दा तलका योजना अनुगमनको लागि वडा समितिलाई अधिकार प्रदान गर्न सकिनेछ ।
(३) वडा स्तरमा संचालित कुनैपनि योजनाहरुको अनुगमन वडा समितिबाट पनि निरन्तर रुपमा गरिने छ । उक्त अनुगमनमा देखिएका कुराहरु वडा अध्यक्ष मार्फत गाउँ स्तरीय अनुगमन समिति समक्ष पेश गरिनेछ ।
(४) वडा स्तरीय योजनाको अनुगमन सुपरीवेक्षण गर्दा सम्बन्धित वडाका वडा अध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा हुनेछ ।

**४.अनुगमन समितिको काम, कर्तव्य र अधिकार :**
(१)दफा ३ को उपदफा (१) वमोजिम गठित गाउँपालिका स्तरको अनुगमन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :
(क) गाउँपालिकामा सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित वा आवधिक अनुगमन गर्ने ।
(ख) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा गाउँ सभा तथा गाउँ कार्यपालिकाबाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने ।
(ग) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा उत्पन्न भएका विवादहरु उचित ढंगले व्यवस्थापन गर्ने ।
(घ) अनुगमन प्रतिवेदन तयार गरी पेश पेश गर्ने
(ङ) गाउँ सभा, गाउँ कार्यपालिका तथा अध्यक्षले तोकेका अन्य कार्यहरु गर्ने ।

(च)अन्तिम अनुगमनका क्रममा उपभोक्ता समिति वा प्राविधिकबाट कुनै किसिमको मात्रात्मक वा गुणात्मक कमी कमजोरी गरेको वा प्राविधिक इस्टिमेट बमोजिमको कार्य नभएको पाईएमा कारबाहीका लागी सिफारिस गर्ने ।

## परिच्छेद–३
## अनुगमन सुविधा

**५.अनुगमन सुविधा :**
(१)दफा ३ को उपदफा (१) बमोजिमको अनुगमन समितिको पदाधिकारी तथा कर्मचारीहरुले देहायको दरमा अनुगमन सुविधाप्राप्त गर्नेछन् ।
(क) जनप्रतिनिधिको अनुगमन सुविधा प्रदेश कानुनमा तोकेबमोजिम हुनेछ ।
(ख) कर्मचारीको अनुगमन तहगत रुपमा निर्धारण गरिएको दैनिक भ्रमण भत्ता बराबरको रकम ।

## परिच्छेद – ४
## अनुगमन प्रतिवेदन

**६.अनुगमन प्रतिवेदन :** दफा ३ को उपदफा(१)बमोजिम गठित अनुगमन समितिले अनुसूचि–१ बमोजिमको ढाँचामा अनुगमन प्रतिवेदन तयार गरी अध्यक्ष मार्फत कार्यपालिका बैठकमा पेश गर्नु पर्नेछ ।

**७. प्रतिवेदन पेश गर्ने अवधि :**(१) दफा ३ को उपदफा (१) बमोजिमको समितिले अनुसुचि १ बमोजिमको प्रतिवेदन गाउँ कार्यपालिका बैठक समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद – ५
## विविध

**८.बाधा अड्काउ फुकाउ तथा संशोधन :** (१) यो कार्यविधि कार्यान्वयनको सर्न्दभमा कुनै बाधा अडकाउ परेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।
(२) यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रही गाउँ कार्यपालिकाको हुनेछ ।

अनुसुचि १
परिच्छेद ४ को दफा ७ संग संबन्धित
मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यलय

**योजना अनुगमन समितिको प्रतिवेदन**

श्री अध्यक्ष ज्यू
मोदी गाउँपालिका
पर्वत ।

मितिः-...................

मोदी गाउँपालिकाको गाउँ सभाले आ.व.......... मा संचालनका लागि पारित गरेको तपसिल बमोजिमको योजना संचालन पश्चात गाउँ स्तरीय/वडा स्तरीय अनुगमन टोलीले योजनाको अनुगमन गरी पेश गरेको अनुगमन प्रतिवेदन ।

१. योजनाको नामः-.:.......................

२. योजना संचालन भएको स्थान/:-..................................

३. विनियोजित रकमः-................. जनश्रमदान.........................कुल लागतः.....................

४. सम्झौता मितिः........................ सम्पन्नर गर्नुपर्ने मितिः................ सम्पन्न. भएको मिति................

**५. अनुगमनका कममा देखिएका कुराहरुः-**

| क सं | व्यहोरा | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | स्विकृत लागत अनुमान बमोजिमको कार्य | | | |
| २ | उपभोक्ता समितिको तर्फबाट जनश्रमदान | | | |
| ३ | सार्वजनिक परीक्षण (उपस्थित संख्या समेत उल्लेख गर्ने) | | | |
| ४. | आयोजना सूचना पाटि (सबैले देख्रेय ठाउँमा) | | | |

**६. आयोजना संचालनमा देखिएका समस्याहरुः-**

१.................................................
२.....................................................

**७. अनुगमन समितिको सुझावहरु**

१..................................................
२....................................................

**८. अनुगमन समितिको निष्कर्षः**

.......................................................................................................

**९. अनुगमनमा संलग्न, पदाधिकारीहरु**

| क सं | नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

**आमन्त्रित :**

| क सं | नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

अनुगमन समितिको संयोजकको हस्ताक्षर :

नाम, थर :

पद :

मिति :

प्रमाणीकरण मिति : २०७७/०६/३

आज्ञाले,
किसान बहादुर क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत